# राष्ट्रिय समावेशी आयोग

## सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५(३) र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरेको विवरण

आ.व. ०८२/०८३ (२०८२ माघ देखि चैत मसान्तसम्म)

## १. आयोगको स्वरुप र प्रकृति

खस आर्य, पिछडा वर्ग, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, श्रमिक, किसान, अल्पसंख्यक एवम् सीमान्तीकृत समुदाय तथा पिछडिएको वर्ग र कर्णाली तथा आर्थिक रुपले विपन्न वर्ग लगायतका समुदायको हक अधिकारको संरक्षण र सशक्तीकरण गर्ने सम्बन्धमा नेपालको संविधान भाग २७ अन्तर्गत धारा २५८ मा राष्ट्रिय समावेशी आयोगको व्यवस्था भएको छ । आयोगमा अध्यक्ष र अन्य चार जनासम्म सदस्य रहने र राष्ट्रपतिले संवैधानिक परिषद्को सिफारिसमा राष्ट्रिय समावेशी आयोगको अध्यक्ष तथा सदस्यको नियुक्ती गर्ने व्यवस्था रहेको छ । अध्यक्ष र सदस्यको पदावधी ६ वर्षको हुने व्यवस्था छ ।

नेपालको संविधानमा भएको व्यवस्था अनुसार गठन भएको यस आयोगमा देहाय बमोजिम पदाधिकारीहरू कार्यरत छन् ।

माननीय कार्यवाहक अध्यक्ष — हरि दत्त जोशी

माननीय सदस्य — पुष्प राज तिमिल्सिना

माननीय सदस्य — मान प्रसाद खत्री

आयोगमा अध्यक्ष र एक जना सदस्य गरी २ जना पदाधिकारीको दरबन्दी रिक्त रहेको छ। आयोगको कार्यालय श्रीमहल, पुल्चोक, ललितपुरमा रहेको छ ।

## २. आयोगको काम कर्तव्य र अधिकार

राष्ट्रिय समावेशी आयोगको काम, कर्तव्य र अधिकार सम्बन्धमा नेपालको संविधान को धारा २५९ र राष्ट्रिय समावेशी आयोग ऐन, २०७४ को दफा ३ मा उल्लेख भए बमोजिम देहाय बमोजिम रहेको छ ।

- नेपालको संविधानको धारा २५९ बमोजिम (१) राष्ट्रिय समावेशी आयोगको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) खस आर्य, पिछडा वर्ग, अपांगता भएका व्यक्ति, ज्येष्ठ नागरिक, श्रमिक, किसान, अल्पसंख्यक एवम् सीमान्तीकृत समुदाय तथा पिछडिएको वर्ग र कर्णाली तथा आर्थिक रुपले विपन्न वर्ग लगायतका समुदायको हक अधिकारको संरक्षणका लागि अध्ययन तथा अनुसन्धान गर्ने,

(ख) खण्ड (क) मा उल्लिखित समुदाय, वर्ग र क्षेत्रको समावेशीकरणका लागि नेपाल सरकारले अवलम्बन गरेको नीति तथा कानूनको कार्यान्वयन अवस्थाको अध्ययन गरी सुधारका लागि नेपाल सरकारलाई सुझाव दिने,

(ग) खण्ड (क) मा उल्लेखित समुदाय, वर्ग र क्षेत्रको राज्य संयन्त्रमा उचित प्रतिनिधित्व भए नभएको अध्ययन गरी त्यस्तो समुदाय, वर्ग र क्षेत्रको प्रतिनिधित्वका लागि गरिएको विशेष व्यवस्थाको पुनरावलोकन गर्न नेपाल सरकारलाई सुझाव दिने,

(घ) खण्ड (क) मा उल्लिखित समुदाय, वर्ग र क्षेत्रको संरक्षण सशक्तीकरण र विकास सन्तोषजनक भए नभएको अध्ययन गरी भविष्यमा अवलम्बन गर्नु पर्ने नीतिको सम्बन्धमा नेपाल सरकार समक्ष सिफारिस गर्ने,

(ङ) कर्णाली र पिछडिएको क्षेत्रको विकास र समृद्धिका लागि अवलम्बन गर्नु पर्ने नीति र कार्यक्रमको सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने,

(च) अल्पसंख्यक तथा सीमान्तीकृत समुदाय सम्बन्धी कानूनमा समयानुकुल परिमार्जनका लागि सिफारिस गर्ने,

(छ) अल्पसंख्यक तथा सीमान्तीकृत समुदायका लागि प्रत्याभुत हक अधिकारको कार्यान्वयन स्थिति अनुगमन गरी आवधिक रुपमा हुने राष्ट्रिय जनगणना तथा मानव विकास सूचकांक सम्बन्धी प्रतिवेदनको आधारमा आवश्यक पुनरावलोकन गरी परिमार्जनका लागि सिफारिस गर्ने ।

(२) राष्ट्रिय समावेशी आयोगले आफ्नो काम, कर्तव्य र अधिकार मध्ये कुनै काम, कर्तव्य र अधिकार आयोगको अध्यक्ष, कुनै सदस्य वा नेपाल सरकारको कुनै कर्मचारीलाई तोकिएको शर्तको अधीनमा रही प्रयोग तथा पालन गर्ने गरी प्रत्यायोजन गर्न सक्नेछ।

- "राष्ट्रिय समावेशी आयोग ऐन, २०७४" को दफा ३ मा उल्लेख भएबमोजिम संविधानको धारा २५९ मा उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त आयोगको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) खस आर्य, पिछडा वर्ग, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, श्रमिक, किसान, अल्पसंख्यक एवम् सीमान्तीकृत समुदाय तथा पिछडिएको वर्ग र कर्णालीमा बसोबास गर्ने तथा आर्थिक रुपले विपन्न वर्ग लगायतका समुदायसँग सम्बन्धित नीति तथा कार्यक्रमको समीक्षा, अनुगमन र मूल्याङ्कन गर्ने,

(ख) आयोगले गरेका सिफारिस वा दिएका सुझाव कार्यान्वयनको सम्बन्धमा अनुगमन गर्ने वा गराउने,

(ग) खण्ड (क) मा उल्लिखित समुदाय, वर्ग र क्षेत्रभित्र आर्थिक वा सामाजिक रुपमा पछाडि परेका व्यक्तिको विकास र सशक्तीकरणको लागि विशेष कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्न नेपाल सरकारलाई सिफारिस गर्ने,

(घ) खण्ड (क) मा उल्लिखित समुदाय, वर्ग र क्षेत्रको भाषा, लिपि, संस्कृति, इतिहास, परम्परा, साहित्य, कलाको अध्ययन अनुसन्धान गरी त्यस्तो भाषा, लिपि, संस्कृति, इतिहास, परम्परा, कलाको संरक्षण र विकासको लागि कार्यक्रम तर्जुमा गरी नेपाल सरकारलाई सिफारिस गर्ने,

(ङ) खण्ड (क) मा उल्लिखित समुदाय, वर्ग र क्षेत्रको हक हितको संरक्षण र सम्बर्द्धन तथा त्यस्तो वर्ग वा समुदायको सशक्तीकरणको लागि चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने,

(च) खण्ड (क) मा उल्लिखित समुदाय, वर्ग र क्षेत्रमा विद्यमान सवै प्रकारको शोषणको अन्त्य गर्न कार्यक्रम तर्जुमा गरी नेपाल सरकारलाई सिफारिस गर्ने,

(छ) खण्ड (क) मा उल्लिखित समुदाय, वर्ग र क्षेत्रको सम्बन्धमा नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि सम्झौता कार्यान्वयन भए नभएको अनुगमन गरी नेपाल सरकारलाई निर्देशन दिने,

(ज) खण्ड (क) मा उल्लिखित वर्ग, क्षेत्र र समुदायको अधिकार उल्लङ्घन गर्ने व्यक्ति वा संस्थाका विरुद्ध उजुरी सङ्कलन गरी सो उपर छानविन तथा तहकिकात गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने,

(झ) खण्ड (क) मा उल्लिखित वर्ग, क्षेत्र र समुदायको पहिचानका सम्बन्धमा विस्तृत अध्ययन र अनुसन्धान गरी थर सुचिकृत गर्न नेपाल सरकारलाई सिफारिस गर्ने,

(ञ) खण्ड (क) मा उल्लिखित वर्ग, क्षेत्र र समुदायका सन्दर्भमा लिइने नीति, कार्यक्रम तथा निर्णयका सम्बन्धमा नेपाल सरकार र अन्य संघ संस्थाहरूसँग आवश्यक समन्वय गर्ने,

(ट) अध्यक्ष, सदस्य तथा आयोगका कर्मचारीको लागि आचारसंहिता बनाई लागु गर्ने वा गराउने,

(ठ) आयोगको वार्षिक योजना तथा कार्यक्रम स्वीकृत गर्ने ।

## ३. आयोगमा कार्यरत कर्मचारी

राष्ट्रिय समावेशी आयोगको सचिवालयमा नेपाल सरकारका राजपत्रांकित प्रथम श्रेणीको कर्मचारी सचिवको रुपमा रहने व्यवस्था छ । यस आयोगमा हालको स्वीकृत दरबन्दी अनुसार सचिवको नेतृत्वमा देहाय बमोजिम पदपुर्तिको अवस्था रहेको छ ।

| क्र.सं. | पद/श्रेणीको विवरण | स्वीकृत दरबन्दी | कार्यरत कर्मचारीको संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | आयोग सचिव (सहसचिव/राजपत्राङ्कित प्रथम श्रेणी) | १ | १ | |
| २ | उपसचिव/राजपत्राङ्कित द्वितीय श्रेणी | १ | १ | |
| ३ | शाखा अधिकृत/राजपत्राङ्कित तृतीय श्रेणी | २ | २ | |
| ४ | नायव सुब्बा/रा.प.अनं. प्रथम श्रेणी | २ | २ | |
| ५ | लेखापाल/रा.प. अनं. प्रथम श्रेणी | १ | १ | |
| ६ | कम्प्यूटर अपरेटर/रा.प.अनं. प्रथम श्रेणी | १ | १ | |
| ७ | निजी सहायक/रा.प.अनं. प्रथम श्रेणी (करार) | ५ | ० | नेपाल सरकारको मिति २०८२/०६/०५ गतेको निर्णय कार्यान्वयन |
| ८ | हलुका सवारी चालक (करार) | ७ | ४ | २ रिक्त<br>(१ सदस्य र १ अध्यक्ष रिक्त भएको र सचिवज्यूले सवारी चालकको<br>सुविधा लिएको हुँदा |
| ९ | कार्यालय सहयोगी (करार) | ६ | ५ | १ रिक्त<br>(अध्यक्ष र सदस्य रिक्त भएको हुँदा |
| १० | स्वीपर (करार) | १ | १ | सेवा करार |
| | | २७ | १८ | |

यस आयोगको संगठन संरचना अनुसुची–१ मा संलग्न रहेको छ ।

## ४. आयोगबाट गरिने मुख्य कार्यहरु

- खस आर्य, पिछडा वर्ग, अपांगता भएका व्यक्ति, ज्येष्ठ नागरिक, श्रमिक, किसान, अल्पसंख्यक एवं सीमान्तीकृत समुदाय तथा पिछडिएको वर्ग र कर्णाली तथा आर्थिक रुपले विपन्न वर्ग लगायतका समुदायको संरक्षण सशक्तीकरण र विकास सन्तोषजनक भए नभएको अध्ययन गरी भविष्यमा अवलम्बन गर्नु पर्ने नीतिको सम्बन्धमा नेपाल सरकार समक्ष सिफारिस गर्ने,
- अल्पसंख्यक तथा सीमान्तीकृत समुदाय सम्बन्धी कानूनमा समयानुकुल परिमार्जनका लागि सिफारिस गर्ने,
- अल्पसंख्यक तथा सीमान्तीकृत समुदायका लागि प्रत्याभुत हक अधिकारको कार्यान्वयन स्थिति अनुगमन गरी आवधिक रुपमा हुने राष्ट्रिय जनगणना तथा मानव विकास सूचकांक सम्बन्धी प्रतिवेदनको आधारमा आवश्यक पुनरावलोकन गरी परिमार्जनका लागि सिफारिस गर्ने ।
- खस आर्य, पिछडा वर्ग, अपांगता भएका व्यक्ति, ज्येष्ठ नागरिक, श्रमिक, किसान, अल्पसंख्यक एवं सीमान्तीकृत समुदाय तथा पिछडिएको वर्ग र कर्णालीमा बसोबास गर्ने तथा आर्थिक रुपले विपन्न वर्ग लगायतका समुदायसँग सम्बन्धित नीति तथा कार्यक्रमको समीक्षा, अनुगमन र मूल्याङ्कन गर्ने,
- उल्लिखित समुदाय, वर्ग र क्षेत्रभित्र आर्थिक वा सामाजिक रुपमा पछाडि परेका व्यक्तिको विकास र सशक्तीकरणको लागि विशेष कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्न नेपाल सरकारलाई सिफारिस गर्ने,
- उल्लिखित समुदाय, वर्ग र क्षेत्रको भाषा, लिपि, संस्कृति, इतिहास, परम्परा, साहित्य, कलाको अध्ययन अनुसन्धान गरी त्यस्तो भाषा, लिपि, संस्कृति, इतिहास, परम्परा, कलाको संरक्षण र विकासको लागि कार्यक्रम तर्जुमा गरी नेपाल सरकारलाई सिफारिस गर्ने,
- उल्लिखित समुदाय, वर्ग र क्षेत्रको हक हितको संरक्षण र सम्बर्द्धन तथा त्यस्तो वर्ग वा समुदायको सशक्तीकरणको लागि चेतनामुलक कार्यक्रम सञ्चालन गर्ने,
- उल्लिखित समुदाय, वर्ग र क्षेत्रमा विद्यमान सबै प्रकारको शोषणको अन्त्य गर्न कार्यक्रम तर्जुमा गरी नेपाल सरकारलाई सिफारिस गर्ने,
- उल्लिखित वर्ग, क्षेत्र र समुदायको अधिकार उल्लङ्घन गर्ने व्यक्ति वा संस्थाका विरुद्ध उजुरी सङ्कलन गरी सो उपर छानविन तथा तहकिकात गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने,

राष्ट्रिय समावेशी आयोग
पुल्चोक, ललितपुर

## ५. आयोगबाट सेवा प्रदान गर्ने शाखा र जिम्मेवार अधिकारी

| क्र.सं. | शाखा | जिम्मेवार अधिकारी | कैफियत |
|---|---|---|---|
| १ | कार्यालय प्रमुख | सचिव श्री बिनोद बहादुर कुँवर | |
| २ | प्रशासन, योजना तथा अनुगमन शाखा | उपसचिव श्री सुशिला कुमारी पंथ | |
| | | शाखा अधिकृत श्री देउ कुमार लावती | |
| ३ | अधिकार प्रवर्द्धन तथा सशक्तीकरण इकाइ | शाखा अधिकृत श्री तेजनारायण तिवारी | |

## ६. सेवा प्राप्त गर्दा लाग्ने दस्तुर र अवधि

आयोगबाट निर्धारित सेवा प्राप्त गर्न कुनै दस्तुर लाग्दैन । कुनै सूचना माग भएमा सूचनाको हक सम्बन्धी ऐन, २०६४ र सुचनाको हक सम्बन्धी नियमावली, २०६५ मा व्यवस्था भए बमोजिम हुनेछ।

## ७. निर्णय गर्ने प्रक्रिया र अधिकारी

निर्णय गर्ने प्रक्रिया:

- आयोगको निर्णय राष्ट्रिय समावेशी आयोगको "बैठक सञ्चालन सम्बन्धी कार्यविधि, २०७५" बमोजिम हुने गरेको ।
- सचिवालयको कार्यसम्पादन सम्बन्धी निर्णयहरु प्रचलित कानून र सरकारी निर्णय प्रक्रिया सरलिकरण निर्देशिका, २०६५ बमोजिम हुने गरेको ।

निर्णय गर्ने अधिकारी:

- विषयको प्रकृति अनुसार आयोगको कार्यवाहक अध्यक्ष र आयोगको सचिव ।

## ८. निर्णय उपर उजुरी सुन्ने अधिकारी

निर्णयको प्रकृति अनुसार आयोगका कार्यवाहक अध्यक्ष वा आयोग

## ९. आयोगले सम्पादन गरेको कार्यको विवरणः

(क) आयोगको बैठक तथा निर्णय

| क्र.स. | बैठक संख्या | निर्णय संख्या | निर्णय सम्बन्धी विषयहरु |
|---|---|---|---|
| १ | जम्मा बैठक संख्या ५ (पाँच) | ६ (छ) | आयोगका पदाधिकारी एवम् सचिवद्वारा हुने निर्वाचनको अनुगमनको ढाँचा तयार गरी स्वीकृत गर्ने |
| | | | आगामी २०८२ फाल्गुन २१ गते हुन लागेको प्रतिनिधि सभा सदस्य निर्वाचनको विभिन्न चरणमा उम्मेदवार तथा मतदाताको पहुँच, प्रतिनिधित्व, समावेशीता, सहभागिता लगायत विषयमा अनुगमन गर्न आयोगबाट २०८२।११।१० देखि २०८२।११।२२ गतेसम्म तोकिएका बमोजिमका जिल्लाहरूमा आयोगका पदाधिकारी तथा सचिवबाट अनुगमन गर्ने। |
| | | | आयोगको आ.व २०८३/८४ को प्रस्तावित नीति तथा कार्यक्रम प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने। |
| | | | राष्ट्रिय समावेशी आयोगको आगामी आ.व. २०८३।८४ को कार्यक्रम खर्च तर्फको कार्यक्रम तथा बजेट अर्थमन्त्रालयको LMBIS सफ्टवेयरमा दर्ता गर्ने प्रयोजनका स्वीकृत । |
| | | | सम्मानीत श्री सर्वोच्च अदालतमा दिएको ०८२-WO-०९६४ नं. को रिट निवेदन र आदेशको प्रतिलिपि सहितको १५ (पन्ध्र) दिने म्याद मिति २०८२।१२।०९ गते तामेली भई आएको सम्बन्धमा प्रस्ताव नं. १२ मा उल्लेखित व्यहोराको लिखित जवाफ तयार गरी पठाउने। |
| | | | आयोगको आ.व २०८३/८४ को मध्यमकालीन खर्च संरचना राष्ट्रिय योजना आयोगमा प्रेषित गर्ने। |

**(ख) राष्ट्रिय समाबेशी आयोग दिवस २०८२ तथा समावेशी स्मारिका, २०८२ प्रकाशन कार्यक्रम सम्पन्न भएको।**

(ग) छलफल तथा अन्तरक्रिया

आ.व. २०८२/८३ मा पुस देखि चैत मसान्तसम्म आयोगबाट प्रदेश र स्थानीयस्तरमा विभिन्न मिति र स्थानमा तपसिल बमोजिमका छलफल तथा अन्तर्क्रिया कार्यक्रम संचालन गरियो।

१. लक्षित वर्गको हकहितका विषयमा स्थानीय पहुँच कार्यक्रम छलफल तथा अन्तरक्रिया कार्यक्रम अन्नपूर्ण गाउँपालिका, कास्की।
२. लक्षित वर्गको हकहितका विषयमा स्थानीय पहुँच कार्यक्रम छलफल तथा अन्तरक्रिया कार्यक्रम जैमिनी नगरपालिका, बाग्लुङ।

३. लक्षित वर्गको हकहितका विषयमा स्थानीय पहुँच कार्यक्रम छलफल तथा अन्तरक्रिया कार्यक्रम फलेवास नगरपालिका, पर्वत।

४. आर्थिक रुपले विपन्न वर्गको पहिचानको आधार र मापदण्ड सम्बन्धी अध्ययन विषयको स्थानीयस्तरमा छलफल तथा अन्तरक्रिया कार्यक्रम बारपाक सुलिकोट गाउँपालिका, गोरखा।

५. आर्थिक रुपले विपन्न वर्गको पहिचानको आधार र मापदण्ड सम्बन्धी अध्ययन विषयको स्थानीयस्तरमा छलफल तथा अन्तरक्रिया कार्यक्रम गण्डकी गाउँपालिका, गोरखा।

६. आर्थिक रुपले विपन्न वर्गको पहिचानको आधार र मापदण्ड सम्बन्धी अध्ययन विषयको स्थानीयस्तरमा छलफल तथा अन्तरक्रिया कार्यक्रम प्रदेश नीति तथा योजना आयोग, गण्डकी प्रदेश पोखरा।

(घ) सचिवस्तरीय अध्ययन समितिको बैठक तथा अन्य छलफल

| क्र.सं. | बैठक संख्या | निर्णय संख्या | निर्णय सम्बन्धी विषयहरू |
|---|---|---|---|
| १ | जम्मा बैठक संख्या १२(बाह्र) | जम्मा निर्णय संख्या १२ (बाह्र) | निजी तथा संस्थागत विद्यालय तथा स्वास्थ्य क्षेत्रका श्रमिकहरूको अवस्था सम्बन्धी अध्ययन विषयको कार्यक्षेत्रगत शर्त (TOR) मा छलफल भै समितिले दिएका सुझावहरूलाई समेटी कार्यक्षेत्रगत शर्तलाई अन्तिम रुप दिने निर्णय। |
| | | | नेपालमा खस आर्यको पौराणिक र प्राग ऐतिहासिक अवस्था तथा संस्कृति संरक्षण सम्बन्धी अध्ययन विषयको कार्यक्षेत्रगत शर्त (TOR) मा छलफल भै समितिले दिएका सुझावहरूलाई समेटी कार्यक्षेत्रगत शर्तलाई अन्तिम रुप दिने निर्णय। |
| | | | पिछडिएको क्षेत्रको आर्थिक सम्भाव्यता, सभ्यता र कला संस्कृति सम्बन्धी अध्ययन विषयको कार्यक्षेत्रगत शर्त (TOR) मा छलफल भै समितिले दिएका सुझावहरूलाई समेटी कार्यक्षेत्रगत शर्तलाई अन्तिम रुप दिने निर्णय। |
| | | | विशेष संरक्षण क्षेत्रका लागि आवश्यक मापदण्ड तथा आधार निर्धारण सम्बन्धी अध्ययनको कार्यक्षेत्रगत शर्तमा छलफल हुँदा अध्ययनको शीर्षक **"लोपोन्मुख अभौतिक सांस्कृतिक संरक्षण क्षेत्रका लागि आवश्यक मापदण्ड र आधार"** राख्ने र समितिले सुझाव दिएका अन्य विषय समेतलाई समावेश गरी अन्तिम रुप दिने निर्णय। |
| | | | नेपालमा यौनिक अल्पसंख्यकको विद्यमान अवस्था र सशक्तिकरणका उपायहरू पहिचान सम्बन्धी अध्ययन विषयको कार्यक्षेत्रगत शर्त (ToR) मा छलफल भै समितिले |

| | | | |
|---|---|---|---|
| | | | दिएका सुझावहरूलाई समेटी कार्यक्षेत्रगत शर्तलाई अन्तिम रुप दिने निर्णय। |
| | | | परामर्शदाता विज्ञले पेश गरेको आर्थिक रूपले विपन्न वर्गको पहिचानका आधार र मापदण्ड सम्बन्धी अध्ययन विषयको प्रारम्भिक प्रतिवेदनमा छलफल गरी समितिले दिएका सुझावहरूलाई अध्ययन प्रतिवेदनमा समेट्ने निर्णय। |
| | | | परामर्शदाता विज्ञले पेश गरेको पिछडिएको क्षेत्रको आर्थिक सम्भाव्यता, सभ्यता र कला संस्कृति सम्बन्धी अध्ययन विषयको प्रारम्भिक प्रतिवेदनमा छलफल गरी समितिले दिएका सुझावहरूलाई अध्ययन प्रतिवेदनमा समेट्ने निर्णय। |
| | | | परामर्शदाता विज्ञले पेश गरेको नेपालमा खस आर्यको पौराणिक र प्राग ऐतिहासिक अवस्था तथा संस्कृति संरक्षण सम्बन्धी अध्ययन विषयको प्रारम्भिक प्रतिवेदन (Inception Report) मा छलफल गरी समितिले दिएका सुझावहरूलाई अध्ययन प्रतिवेदनमा समेट्ने निर्णय। |
| | | | परामर्शदाता विज्ञले पेश गरेको ज्येष्ठ नागरिकको वर्गीकरण तथा सामाजिक सुरक्षा सम्बन्धी विद्यमान व्यवस्थाको पुनरावलोकन सम्बन्धी अध्ययन विषयको प्रारम्भिक प्रतिवेदन **(Inception Report)** मा छलफल गरी समितिले दिएका सुझावहरूलाई समेटी अध्ययन कार्य अगाडी बढाउने निर्णय। |
| | | | समावेशी आयोगसँग रेडियो कार्यक्रमको उत्पादन र प्रशारणका ११ वटा श्रृंखला र कार्यक्रममा आमन्त्रित विज्ञहरूको सम्बन्धमा छलफल गरी निर्णय। |
| | | | परामर्शदाता विज्ञले पेश गरेको नेपालमा यौनिक अल्पसंख्यकको विद्यमान अवस्था र सशक्तीकरणका उपायहरू पहिचान सम्बन्धी अध्ययन विषयको प्रारम्भिक प्रतिवेदन (Inception Report) मा छलफल गरी समितिले दिएका सुझावहरूलाई अध्ययन प्रतिवेदनमा समेट्ने निर्णय। |

## १०. प्रमुख, सूचना अधिकारी र लैङ्गिक सम्पर्क व्यक्तिको नाम र पद

प्रमुखः सचिव बिनोद बहादुर कुंवर

उपसचिव - श्री सुशिला कुमारी पंथ

सूचना अधिकारीः शाखा अधिकृत - श्री देउ कुमार लावती

लैङ्गिक सम्पर्क व्यक्तिः शाखा अधिकृत - श्री तेजनारायण तिवारी

## ११. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची

- नेपालको संविधान,
- राष्ट्रिय समावेशी आयोग ऐन, २०७४
- राष्ट्रिय समावेशी आयोगका बैठक संचालन सम्बन्धी कार्यविधि, २०७५
- राष्ट्रिय समावेशी आयोगका पदाधिकारी र कर्मचारीको आचारसंहिता, २०७५
- राष्ट्रिय समावेशी आयोगको आन्तरिक व्यवस्थापन, नियन्त्रण तथा सञ्चालन कार्यविधि, २०७८
- राष्ट्रिय समावेशी आयोग नियमावली, २०७९

## १२. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण

बजेट रकम (रु लाखमा)

| क.सं. | बजेट उप शिर्षक | बजेट शिर्षक | वार्षिक बजेट विनियोजन | आ.व. २०८२।८३ को तेस्रो त्रैमासिक सम्मको खर्च | कैफियत/खर्च प्रतिशत जम्मा |
|---|---|---|---|---|---|
| १ | २२६०००११३ | - | ३३०.०० | ४६.१ | |
| २ | २२६००००१३ | - | ८१.०० | ४५.७ | |
| ३ | २२६०००११४ | - | २७.०० | २०.६ | |
| जम्मा | | | ४३८.०० | ४४.५ | |

## १३. अघिल्लो आर्थिक वर्षमा सम्पन्न भएका कार्यक्रम वा आयोजना सञ्चालन सम्बन्धी विवरण :

- गोष्ठि तथा सेमिनारसँग सम्बन्धित विभिन्न कार्यक्रमहरू,
- विभिन्न विषयमा अध्ययन, अनुसन्धान सम्बन्धी कामहरू,
- विभिन्न स्थानीय तहमा लक्षित वर्गको हक कार्यान्वयनको विषयमा अनुगमन ।

## १४. आयोगको सूचनाहरु अन्यत्र प्रकाशन भएको विवरण : नभएको।

## १५. आयोगले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवम् प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण : नभएको

## १६. आयोगको प्रगति प्रतिवेदन

<table>
<tr><th>क्र.सं.</th><th>कामको विवरण</th><th>प्रगतिको अवस्था(परिमाणात्मक प्रगति खुलाउन मिल्ने भए खुलाउने)</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>तालिम तथा गोष्ठी</td><td>आयोगका पदाधिकारीलाई क्षमता विकास आवाशीय तालिम सञ्चालन गरिएको।<br>तालिमको विषय:<br>१. Conflict Management for Leaders<br>२. Transformation of Leadership</td><td></td></tr>
<tr><td>२</td><td>अनुगमन</td><td>आयोगका पदाधिकारी एवम् सचिव ज्यूबाट अनुगमन भएको<ul><li>माननीय अध्यक्षज्यूबाट नुवाकोट जिल्लाको अनुगमन।</li><li>माननीय पुष्पराज तिमिल्सिनाज्यूबाट सिन्धुपाल्चोक, दोलखा, रामेछाप, गोरखा, तनहुँ, पर्वत, लमजुङ, स्याङजा बाग्लुङ र कास्की जिल्लाको अनुगमन।</li><li>माननीय मान प्रसाद खत्रीज्यूबाट सिन्धुपाल्चोक, दोलखा, रामेछाप र सुदुरपश्चिमका जिल्लाहरुको अनुगमन।</li><li>सचिवज्यूबाट गोरखा, तनहुँ, पर्वत, लमजुङ, स्याङजा बाग्लुङ र कास्की जिल्लाको अनुगमन।</li></ul></td><td></td></tr>
<tr><td>३</td><td>अध्ययन</td><td>परामर्शदाता विज्ञसँग निम्न विषयमा अध्ययन सम्झौता भई अध्ययन कार्य भइरहेको<table><tr><th>अध्ययनको विषय</th><th>सम्झौता मिति</th></tr><tr><td>आर्थिक रुपले विपन्न वर्गको पहिचानको आधार र मापदण्ड सम्बन्धी अध्ययन</td><td>२०८२।०९।२९</td></tr><tr><td>ज्येष्ठ नागरिकको वर्गीकरण तथा सामाजिक सुरक्षा सम्बन्धी विद्यमान व्यवस्थाको पुनरावलोकन सम्बन्धी अध्ययन</td><td>२०८२।१०।०६</td></tr><tr><td>नेपालमा खस आर्यको संस्कृति संरक्षण सम्बन्धी अध्ययन</td><td>२०८२।१०।१५</td></tr><tr><td>पिछडिएको क्षेत्रको आर्थिक सम्भाव्यता, सभ्यता र कला संस्कृति सम्बन्धी अध्ययन</td><td>२०८२।१०।१८</td></tr></table></td><td></td></tr>
</table>

| | | | | | |
|---|---|---|---|---|---|
| | | नेपालमा यौनिक अल्पसंख्यकको विद्यमान अवस्था र सशक्तीकरणका उपायहरू पहिचान सम्बन्धी अध्ययन | २०८२।१२।०८ | | |
| | | विशेष संरक्षण क्षेत्रका लागि आवश्यक मापदण्ड तथा आधार निर्धारण सम्बन्धी अध्ययन | २०८२।१२।१५ | | |
| | | | | | |

## १७. आयोगको वेभसाइट सम्बन्धी विवरण

आयोगको वेवसाइट www.ninc.gov.np रहेको छ । उक्त वेवसाइटमा आयोगको परिचय, आयोगका पदाधिकारीहरुको परिचय, संगठन संरचना, ऐन, कानुन, वार्षिक प्रतिवेदन लगायतका विषयहरू र अन्य प्रकाशनहरु सूचीकृत गरिएको छ ।

## १८. विविध

आयोगका गतिविधिहरुका सम्बन्धमा जानकारी तथा सूचनाहरू आयोगको वेवसाइट www.ninc.gov.np बाट प्राप्त गर्न सकिने छ ।


आयोगको सम्पर्कः

श्रीमहल, पुल्चोक, ललितपुर

फोन नं. ०१–५४५५२३७, ०१–५४५५२३६, ०१–५४५५३०८

इमेलः info@ninc.gov.np

## अनुसुची–१




पुनश्च :

१. आयोगका पदाधिकारी/सदस्यहरु नियुक्ति भई पदावधि कायम रहँदासम्म आवश्यक पर्ने निजी सहायकहरु (रा.प.अन. प्रथम श्रेणी सरहको) प्रत्येक पदाधिकारी/सदस्यहरु लाई १ (एक) जनाको दरले दरबन्दी रहने गरी करार सेवाबाट पदपुर्ती गर्न सकिनेछ ।

२. आयोगका पदाधिकारी/सदस्यहरु नियुक्ति भई पदावधि कायम रहँदासम्म आवश्यक पर्ने हलुका सवारी चालक (श्रेणी विहिन) प्रत्येक पदाधिकारी/सदस्यहरु लाई १ (एक) जनाको दरले दरबन्दी रहने गरी करार सेवाबाट पदपुर्ती गर्न सकिनेछ ।

३. आयोगका पदाधिकारी/सदस्यहरु नियुक्ति भई पदावधि कायम रहँदासम्म आवश्यक पर्ने कार्यालय सहयोगी (श्रेणी विहिन) २ (दुई) जना सदस्यहरु लाई १ (एक) जनाको दरले दरबन्दी रहने गरी करार सेवाबाट पदपुर्ती गर्न सकिनेछ ।स्वीपर १ जनाको लागि बजेट व्यवस्था गरी सेवा करारबाट कार्य सञ्चालन गर्न सकिनेछ ।